श्री

**उच्च अदालत तुलसीपुर, नेपालगंज इजलास**

इजलास नं. १

संयुक्त इजलास

**माननीय वरिष्ठतम् न्यायाधीश डा. श्री रत्नबहादुर बागचन्द**

**माननीय न्यायाधीश श्री गोकर्ण डाँगी**

**<u>आदेश</u>**

दायरी नं.- ०७७-WO-०१६२

**विषयः- अन्तरिम आदेश जारी गरिपाउँ ।**

**<u>मुद्दाः- परमादेश ।</u>**

अधिवक्ता लोकबहादुर शाहसमेत ---------------------------------------------- १ निवेदक

<u>विरुद्ध</u>

जिल्ला प्रशासन कार्यालय, बाँके समेत ---------------------------------------- १ विपक्षी

अन्तरिम आदेश छलफलको लागि पेश हुन आएको प्रस्तुत निवेदनमा अन्तरिम आदेश सहितको उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर सम्बन्धमा बिचार गर्दा, प्रस्तुत निवेदनमा नयाँ भेरिएन्ट सहितको कोभिड- १९ संक्रमणको दोश्रो लहर फैलिएका कारण बाँके जिल्लामा कोरोना भाइरसको महामारी दिनप्रतिदिन बढ्दो अवस्थामा रहेको परिप्रेक्ष्यमा त्यसको रोकथामका लागि प्रभावकारी उपाय अवलम्वन नगरिएको र उपभोक्ताले गुणस्तरीय स्वास्थ्य सेवा पाउन नसकेको हुँदा प्रत्येक नागरिकको सम्मानपूर्ण बाँच्न पाउने अधिकार, संक्रमण विरुद्ध गुणस्तरीय स्वास्थ्य सेवा पाउने हकसमेतको रक्षार्थ विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी हुन निवेदनमा माग गरिएको देखियो ।

सुनुवाइको क्रममा यस इजलासमा उपस्थित निवेदक विद्वान अधिवक्ताहरु श्री सुनिल श्रेष्ठ, श्री लोकबहादुर शाह, श्री वसन्त गौतम, श्री विश्वजित तिवारी, श्री प्रभाकर भट्टराई र निवेदककातर्फबाट उपस्थित हुनभएका विद्वान अधिवक्ताहरु श्री प्रह्लादबहादुर कार्की, श्री इश्वरी प्रसाद ज्ञवाली, र श्री रामकुमार दिक्षीतले विश्वभर फैलिंदै गइरहेको नयाँ भेरिएन्ट सहितको कोभिड- १९ भारतीय सिमावर्ती

यस बाँके जिल्लामा देशकै सबैभन्दा बढी संक्रमण फैलिरहेको अवस्था भई दिनप्रतिदिन भयावह भइरहेकोले निवेदन मागदावीबमोजिम अन्तरिम आदेश जारी गरिपाउँ भनी गर्नुभएको वहस जिकिर सुनियो। त्यसैगरी, विपक्षीहरुकातर्फबाट उच्च सरकारी वकिल कार्यालय, नेपालगंजबाट उपस्थित हुनुभएका विद्वान उपन्यायाधिवक्ता श्री देवराज भारतीले नेपाल सरकारले यही वैशाख ६ गते जारी गरेको आदेशबमोजिम यस बाँके जिल्लामा तीव्र दरमा बढिरहेको नयाँ भेरिएन्ट सहितको कोभिड- १९ को संक्रमणको फैलावटको साङ्लो तोड्न (चेन ब्रेक गर्न) तथा सोको नियन्त्रण तथा रोकथामलाई प्रभावकारी बनाउन हाल निषेधाज्ञा जारी गरिएको, थप क्षमता सहितको कोभिड अस्पताल निर्माण गर्न लागिएको, डाक्टर लगायतका स्वास्थ्यकर्मीहरुको पदपूर्ति गर्दै नयाँ दरबन्दी संख्या बढाइएको, आइसोलेशन, क्वारेन्टाइनको संख्यामा वृद्धि गरी बाँके जिल्लालाई कोभिड- १९ को उच्च जोखिमबाट बचाउने प्रयास भइरहेकोले अन्तरिम आदेश जारी हुनुपर्ने अवस्था नभएको भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

यसमा, अन्तरिम आदेश निर्णयार्थ बिचार गर्दा, देशका अन्य भागका अतिरिक्त बाँके जिल्लामा नयाँ भेरिएन्ट सहितको कोभिड- १९ तीव्र गतिमा फैलिरहेको र सो क्रम तत्काल रोकी नियन्त्रणमा ल्याउन नसकिए जिल्लाभर मानव जीवनमाथि ठूलो संकट आउने अवस्थाको विद्यमानता देखिंदा नेपाल सरकारद्वारा मिति २०७८ वैशाख ६ मा जारी भएको नयाँ भेरिएन्ट सहितको कोभिड- १९ को संक्रमण सम्बन्धमा उक्त आदेशलाई मध्यनजर गरी नेपालको संविधानको धारा ३५ र धारा १४४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ र उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम विपक्षीहरुको नाममा देहाय बमोजिमको अन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नू ।

१। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको प्रयोगशाला र अस्पतालले कोभिड- १९ सम्बन्धी परीक्षण निर्देशिका र उपचार प्रोटोकलबमोजिम कोभिड- १९ को परीक्षण तथा उपचार निःशुल्क रुपमा गर्न गराउनका लागि आवश्यक व्यवस्था मिलाउनू ।

२। भारतीय सिमानाका जमुनाह नजिकैको पायक पर्ने स्थानमा कम्तिमा एक हजार क्षमताको होल्डिङ सेन्टरको यथाशक्य छिटो निर्माण गर्ने प्रबन्ध गर्नु गराउनू ।

३। भारतीय सिमानाका जमुनाह लगायतबाट नेपालतर्फ प्रवेश गर्ने प्रत्येक व्यक्तिलाई निःशुल्क मास्क उपलब्ध गराउनुका साथै कोभिड- १९ को चिन्ह वा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएको व्यक्तिको हकमा समेत PCR परीक्षण गर्ने व्यवस्था मिलाई एन्टिजेन वा PCR परीक्षणबाट पहिचान भएका सङ्क्रमित व्यक्तिसँग निकट सम्पर्कमा आएका व्यक्तिकोसमेत पहिचान गरी एन्टिजेन परीक्षण गर्ने, त्यसो गर्दा नतिजा पोजेटिभ आएका सङ्क्रमित व्यक्तिलाई अस्पताल वा आइसोलेशन केन्द्र वा होल्डिङ सेन्टरमा सुरक्षित रुपमा पठाउन सम्बन्धित स्थानीय तहसँग सहकार्य गर्ने गराउने र संक्रमणको शंका नभएका व्यक्तिलाई स्वास्थ्य मापदण्ड पालना

गराई सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गन्तव्यमा पठाई कम्तिमा १० दिन क्वारेन्टाइनमा राख्न लगाउनका लागि आवश्यक व्यवस्थापन गर्नु गराउनू ।

४। कोभिड- १९ को उपचारको सन्दर्भमा अस्पताल व्यवस्थापन (प्रयोगशाला, अक्सिजन तथा भेन्टिलेटर समेत), रेफरल, एयरलिफ्ट र एम्बुलेन्स समेतका लागि आवश्यक व्यवस्था मिलाउनू।

५। होमक्वारेन्टाइन र होमआइसोलेशनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी उक्त स्थानसम्म पुऱ्याउने काममा सहजिकरण गर्नु गराउनू ।

६। हाल बाँके जिल्लामा नयाँ भेरिएन्ट सहितको कोभिड- १९ को संक्रमण भयावह भइरहेको सन्दर्भमा तत्काल आवश्यकता अनुसार स्थानीय तह र कारागार तथा वाल सुधारगृह समेतबाट स्वाब संकलन गर्नका लागि व्यवस्था मिलाउनू ।

७। बाँके जिल्लामा नयाँ भेरिएन्ट सहितको कोभिड- १९ को संक्रमण व्यापक रुपमा फैलिरहेको यस अवस्थामा कोभिड- १९ को चिन्ह तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएका व्यक्तिहरुको PCR परीक्षण शिघ्र गर्ने व्यवस्था मिलाउनुका साथै पोजेटिभ आएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिहरुको पनि पहिचान गरी एन्टिजेन परीक्षण गर्नु गराउनू।

८। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८।०१।०६ को आदेशबमोजिम आवश्यक संयन्त्र निर्माण भए नभएको, जनशक्ति परिचालन भए नभएको, स्वास्थ्य सेवा, एम्बुलेन्स, सववाहन, ढुवानी लगायतका अन्य अत्यावश्यक व्यवस्था गरे नगरेको अनुगमन गरी सो कार्यमा आवश्यक सहयोग र सहजिकरण गर्नु गराउनू ।

९। क्वारेन्टाइन, आइसोलेशन, केस इन्भेस्टिगेसन, कन्टयाक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायत अत्यावश्यक सामाग्री खरिद तथा जनशक्ती परिचालनको लागि आवश्यक व्यवस्था मिलाउन समन्वय गर्नु गराउनू।

१०। कोभिड- १९ विरुद्धको खोप अभियान अन्तर्गत पहिलो र दोश्रो खोप नलगाएका सर्वसाधारण नागरिकहरुलाई यथाशक्य छिटो खोप लगाउने प्रयोजनका लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी सर्वसाधारणले खोप लगाउन पाउनेतर्फ प्रयास र पहलकदमी गर्नू ।

११। निषेधाज्ञा लागू भएको अवधिमा सर्वसाधारण नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुन र बजारमा सुपथ मूल्यमा गुणस्तरयुक्त खाद्यवस्तु सहजै प्राप्त गर्नेतर्फ सचेत रही सो सम्बन्धमा अनुगमनको कार्यलाई निरन्तरता दिई गुणस्तरयुक्त खाद्यवस्तुको अभाव हुन नदिनेतर्फ आवश्यक पहल कदमी गर्नु गराउनू ।

१२। कोभिड- १९ बाट संक्रमित नभएका अन्य रोगीहरु, नियमित औषधी सेवन गर्दै आइरहेका दिर्घरोगी, गर्भवती महिला, ज्येष्ठ नागरिक, वालवालिकासमेतको आकस्मिक तथा नियमित औषधी उपचारको लागि व्यवस्थापन गर्ने र निजहरु नयाँ भेरिएन्ट सहितको कोभिड- १९ संक्रमणको दोश्रो

लहरबाट संक्रमित भएको अवस्थामा निजहरुलाई प्राथमिकता दिई अस्पतालमा औषधी उपचार गर्दा आइसोलेशन र क्वारेन्टाइनमा राख्नका लागि व्यवस्थापन र समन्वय गर्नू ।

१३. कोभिड अस्पताल र कोभिड केयर युनिटमा रहेका संक्रमित विरामीको संख्या (भेन्टिलेटर, आइ.सि.युमा रहेका समेत) का साथै बेड क्षमतासमेत उल्लेख गरी संभव भए अनलाइन पोर्टल Website मार्फत सर्वसाधारणको जानकारीको लागि सूचना प्रवाह गर्दा उपयुक्त हुने हुँदा त्यसतर्फ प्रयास गर्नू गराउनू ।

१४. मुलुकको अन्य स्थानमा भन्दा बढी यस बाँके जिल्लामा नयाँ भेरिएन्ट सहितको कोभिड- १९ दोश्रो लहर तीव्र रुपमा फैलिरहेकोले विद्यमान अवस्थाप्रति संवेदनशील भैई आवश्यकता अनुसार थप होल्डिङ सेन्टर, संस्थागत आइसोलेशन र संस्थागत क्वारेन्टाइनको व्यवस्थापन गर्नेतर्फ पहलकदमी गर्नू ।

साथै, प्रस्तुत आदेशबमोजिम भए गरेको प्रयास र प्रगतिको सम्बन्धमा लिखितजवाफका साथ आवश्यक कागजात सहितको विवरण पेश गर्नु भनी विपक्षी प्रमुख जिल्ला अधिकारीलाई जानकारी दिनू ।

न्यायाधीश २०७८।१।१७।०६

बरिष्ठतम् न्यायाधीश २०७८।१।१७।०६

ईति सम्वत् २०७८ साल वैशाख महिना १७ गते रोज ०६ शभम् ---------------------।